प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७६/०७७ मा प्राविधिक एस.एल.सी. तह स्वास्थ्य तर्फका कार्यक्रमहरुमा छात्रवृत्ति तथा पूर्ण शुल्कीय भर्ना गर्न प्रवेश परीक्षा संचालनका लागि आवेदन फाराम भर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।०४।०९)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने **प्राविधिक एस.एल.सी.तह**का तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरु तथा कोटाहरुमा शैक्षिक सत्र २०७६/०७७ मा भर्नाका लागि परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका देहायका नीजि स्तरका शिक्षण संस्थाहरुमा स्वास्थ्य कार्यक्रमहरुमा निम्न सर्तहरुको अधिनमा रही पुर्ण शुल्कीय र बर्गिकृत (निःशुल्क) छात्रवृत्ति प्रवेश परीक्षाबाट विद्यार्थी छनौट गरी भर्ना गर्नका लागि परिषद्, स्तर निर्धारण महाशाखाको मिति २०७६।०४।०८ गतेको भर्ना प्रकृयाका लागि प्राप्त पत्रानुसार तपसिल बमोजिम योग्यता पुगेका व्यक्तिहरुबाट आवेदन फाराम भर्नु भराउनु हुन सम्वन्धित शिक्षण संस्था एवं सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. आवश्यक शैक्षिक योग्यता:

क. अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा: एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण

ख. अक्षराङ्कन पद्धतिको नतिजाको हकमा: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा एस.ई.ई परीक्षामा न्यूनतम E ग्रेड प्राप्त ।

२. परीक्षार्थी छनौटको आधार: मिति २०७६।०३।२५ गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम हुनेछ ।

**३. शैक्षिक सत्र २०७६।०७७ का लागि परिषदबाट संचालन स्वीकृती पाएका शिक्षण संस्थाहरुको नाम, ठेगाना र स्वास्थ्य तर्फका शैक्षिक कार्यक्रमहरुको विवरण:**

**प्रदेश नं १ अन्तर्गतका निजी शिक्षण संस्थाहरु :**

| सि.नं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | धनकुटा इन्स्टिच्युट अफ हेल्थ साइन्स, धनकुटा | सि.एम.ए., अनमी | ४०/४० |
| २. | मिलिनियम टेक्निकल इन्स्टिच्युट, धनकुटा | ल्याव असिष्टेण्ट | ४० |
| ३. | सुनसरी टेक्निकल कलेज, धरान, सुनसरी | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट | ४०/४०/४० |
| ४ | बंगलामुखी मल्टीपल टेक्निकल इन्स्टिच्युट, इटहरी, सुनसरी | सि.एम.ए., आयुर्वेदिक, ल्याव असिष्टेण्ट, | ४०/४०/४० |
| ५ | त्रिशक्ती टेक्निकल इन्स्टिच्युट, इटहरी, सुनसरी | ल्याव असिष्टेण्ट | ४० |
| ६ | त्रिवेणी टेक्निकल एकेडेमी, इनरुवा, सुनसरी | ल्याव असिष्टेण्ट | ४० |
| ७. | धनकुटा टेक्निकल इन्स्टिच्युट, इटहरी, सुनसरी | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| ८ | पुर्वाञ्चल साइन्स एण्ड टेक्नोलोजी, खनार ४, सुनसरी | ल्याव असिष्टेण्ट | ४० |
| ९ | इटहरी हेल्थ कलेज, इटहरी, सुनसरी | अनमी | ४० |
| १०. | हेल्थ ट्रेनिङ्ग स्कुल सेन्टर, इटहरी, सुनसरी | सि.एम.ए. | ४० |
| ११. | नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, विराटनगर, मोरङ्ग | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| १२. | सगरमाथा टेक्निकल इन्स्टिच्युट, विराटनगर, मोरङ्ग | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट | ४०/४०/४० |
| १३. | मदन भण्डारी स्मृति प्रतिष्ठान, उर्लावारी, मोरङ्ग | सि.एम.ए., अनमी, | ४०/४० |
| १४. | कोशी हेल्थ इन्स्टिच्युट, विराटनगर, मोरङ्ग | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट | ४०/४०/४० |
| १५ | गोल्डेन पार्क कलेज, विराटनगर, मोरङ्ग | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| १६ | विराटनगर प्रोफेसनल इन्स्टिच्युट, विराटनगर, मोरङ्ग | ल्याव असिष्टेण्ट | ४० |
| १७. | दमक टेक्निकल एजुकेशन फाउण्डेशन, दमक, झापा | ल्याव असिष्टेण्ट | ४० |
| १८ | आम्दा इन्स्टिच्युट अफ हेल्थ साइन्स, दमक, झापा | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट | ४०/४०/४० |
| १९ | सप्तश्री वहुउद्देश्यीय प्राविधिक शिक्षालय, विर्तामोड, झापा | ल्याव असिष्टेण्ट | ४० |
| २० | मेची टेक्निकल ट्रेनिङ्ग एकेडेमी, विर्तामोड, झापा | सि.एम.ए., अनमी | ४०/४० |
| २१. | रामप्रसाद लक्षेन्द्र टेक्निकल इन्स्टिच्युट, भद्रपुर, झापा | ल्याव असिष्टेण्ट | ४० |
| २२. | मेची मोडेल टेक्निकल एकेडेमी एण्ड कन्सल्टेन्सी, दमक, झापा | ल्याव असिष्टेण्ट | ४० |
| २३. | सिद्धकाली टेक्निकल इन्स्टिच्युट, विर्तामोड, झापा | ल्याव असिष्टेण्ट | ४० |
| २४ | दमक इन्स्टिच्युट अफ टेक्नोलोजी प्रा.लि., दमक, झापा | ल्याव असिष्टेण्ट | ४० |
| २५ | इलाम टेक्निकल इन्स्टिच्युट, इलाम ८, इलाम | ल्याव असिष्टेण्ट, सि.एम.ए, आयुर्वेदिक | ४०/४०/४० |
| २६. | मोडर्न इन्स्टिच्युट अफ हेल्थ साइन्स प्रा.लि. गाइघाट, उदयपुर | अनमी, ल्याव असिष्टेण्ट, सि.एम.ए., आयुर्वेदिक | ४०/४०/४०/४० |
| २७ | त्रियुगा नेशनल एजुकेशन एकेडेमी, उदयपुर | ल्याव असिष्टेण्ट, आयुर्वेदिक | ४०/४० |
| २८ | मकालु टेक्निकल इन्स्टिच्युट प्रा.लि., खांदवारी, संखुवासभा | ल्याव असिष्टेण्ट, सि.एम.ए. | ४०/४० |
| २९. | शैलजा आचार्य मेमोरियल पोलीटेक्नीक इन्स्टिच्युट, सिसबनी, जहादा, मोरङ्ग | अनमी, ल्याव असिष्टेण्ट | ४०/४० |

**परिषद्का प्रदेश नं २ अन्तर्गतका निजी शिक्षण संस्थाहरु**

| क.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | जगदम्बा टेक्निकल इन्स्टिच्युट, राजविराज, सप्तरी | सि.एम.ए., ल्याव असिष्टेण्ट, | ४०/४० |
| २. | जगदम्बा मेडिकल इन्स्टिच्युट, राजविराज, सप्तरी | सि.एम.ए., आयुर्वेदिक, | ४०/४० |
| ३. | उदयपुर टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट, राजविराज, सप्तरी | अनमी, सि.एम.ए. | ४०/४० |
| ४. | राजदेवी टेक्निकल इन्स्टिच्युट, राजविराज, सप्तरी | अनमी, सि.एम.ए. | ४०/४० |
| ५. | लहान पब्लिक टेक्निकल कलेज प्रा.ली लहान १, सिराहा | सि.एम.ए. | ४० |
| ६. | श्री भवानी हस्पिटल एण्ड रिसर्च सेन्टर, पर्सा | ल्याव असिष्टेण्ट | ४० |
| ७. | अग्रीमा एकेडेमी प्रा.लि., लहान, सिराहा | अनमी, सि.एम.ए. | ४०/४० |
| ८. | पब्लिक टेक्निकल इन्स्टिच्युट, लहान १, सिराहा | ल्याव असिष्टेण्ट, अनमी, | ४०/४० |
| ९. | इन्स्टिच्युट अफ कम्यूनिटी टेक्निकल एजुकेशन, गौर, रौतहट | सि.एम.ए | ४० |
| १०. | नारायणी इन्स्टिच्युट अफ साइन्स एण्ड टेक्नोलोजी, कलैया, बारा | सि.एम.ए. | ४० |

| | | | |
|---|---|---|---|
| ११. | डिभाइन इन्स्टिच्युट अफ हेल्थ ट्रेनिङ्ग रिसर्च सेन्टर, विरगञ्ज, पर्सा | सि.एम.ए., अनमी | ४०/४० |
| १२. | शारदा इन्स्टिच्युट अफ टेक्नोलोजी प्रा.लि.जनकपुर | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट, | ४०/४०/४० |
| १३. | शंकर टेक्निकल इन्स्टिच्युट, जनकपुर | सि.एम.ए., ल्याव असिष्टेण्ट, आयुर्वेदिक, | ४०/४०/४० |
| १४. | इन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेण्ट, जनकपुर | सि.एम.ए., अनमी | ४०/४० |
| १५. | रारा प्राविधिक शिक्षालय, बर्दिवास, महोतरी | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| १६. | चित्रगुप्त इन्स्टिच्युट अफ टेक्नोलोजी, बर्दिवास, महोतरी | सि.एम.ए., ल्याव असिष्टेण्ट, | ४०/४० |
| १७. | आयुर्वेदिक मेडिकल इन्स्टिच्युट, जनकपुर | आयुर्वेदिक | ४० |
| १८. | सर्लाही इन्स्टिच्युट अफ पब्लिक हेल्थ एण्ड रिसर्च सेन्टर, सर्लाही | सि.एम.ए. | ४० |
| १९ | इन्स्टिच्युट अफ रुरल हेल्थ, विरगन्ज, पर्सा | सि.एम.ए | ४० |

**प्रदेश नं ३ अन्तर्गतका निजी शिक्षण संस्थाहरु :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | प्राविधिक प्रशिक्षण केन्द्र, सिन्धुली | अनमी, सि.एम.ए. | ४०/४० |
| २. | काभ्रे हेल्थ ट्रेनिङ्ग सेन्टर, वनेपा, काभ्रे | सि.एम.ए., अनमी | ४०/४० |
| ३. | सामुदायिक स्वास्थ्य तथा वातावरण विकास केन्द्र, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| ४. | ओम हेल्थ क्याम्पस, चावहिल, काठमाण्डौं | अनमी | ४० |
| ५. | जनस्वास्थ्य प्राविधिक अध्ययन संस्थान, धादिङ्ग | सि.एम.ए. | ४० |
| ६. | मकवानपुर टेक्निकल इन्स्टिच्युट, हेटौंडा, मकवानपुर | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट | ४०/४०/४० |
| ७. | ललित पोलिटेक्निक ट्रेनिङ्ग सेन्टर, कुमारीपाटी, ललितपुर | सि.एम.ए., अनमी | ४०/४० |
| ८. | एजुकेशन एण्ड कम्युनिटी हेल्थ अर्गनाइजेशन, लगनखेल, ललितपुर | सि.एम.ए | ४० |
| ९. | नेशनल इन्स्टिच्युट अफ साइन्स एण्ड टेक्नोलोजी, भरतपुर, चितवन | आयुर्वेदिक | ४० |
| १०. | दोलखा बहुउद्देश्यीय तालीम संस्थान, चरिकोट, दोलखा | सि.एम.ए., अनमी | ४०/४० |
| ११. | दोलखा हेल्थ टेक्निकल कलेज, चरिकोट, दोलखा | ल्याव असिष्टेण्ट | ४० |
| १२. | जनशक्ति विकास तथा अनुसन्धान संस्थान, काठमाण्डौं | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट | ४०/४०/४० |
| १३. | नेपाल पोलिटेक्निक इन्स्टिच्युट, भरतपुर, चितवन | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट | ४०/४०/४० |
| १४. | बाल कुमारी कलेज, नारायणघाट, चितवन | सि.एम.ए., अनमी | ४०/४० |
| १५. | अम्बिका हेल्थ ट्रेनिङ्ग स्कुल, सल्लाघारी, भक्तपुर | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| १६. | इवामुरा कलेज अफ हेल्थ साइन्स, सल्लाघारी, भक्तपुर | ल्याव असिष्टेण्ट | ४० |
| १७. | नेशनल मल्टीपल कलेज, सातदोवाटो, ललितपुर | ल्याव असिष्टेण्ट | ४० |
| १८. | सामुदायिक स्वास्थ्य इन्स्टिच्युट, काठमाण्डौं | सि.एम.ए. | ४० |
| १९. | काठमाण्डौं स्वास्थ्य प्राविधिक शिक्षालय, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| २०. | विनायक टेक्निकल इन्स्टिच्युट, काठमाण्डौं | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| २१. | ओम संजिवनी डाइग्नोसिस प्रा.लि., ललितपुर | ल्याव असिष्टेण्ट | ४० |
| २२. | विरेन्द्र अस्पताल छाउनी, काठमाण्डौं | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| २३. | विनायक कलेज अफ हेल्थ साइन्स, बत्तिसपुतली, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| २४. | बागमती इन्स्टिच्युट अफ टेक्निकल साइन्स, बुद्धनगर, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| २५. | कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस, गोंगबु काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| २६. | भिक्टोरिया टेक्निकल कलेज, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| २७. | स्कुल अफ टेक्निकल एजुकेशन, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| २८. | सिंह एकेडेमी प्रा.लि., सामाखुसी, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| २९. | सामुदायिक स्वास्थ्य प्रतिष्ठान, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| ३०. | ओजश्वी एकेडेमी प्रा.लि., सामाखुसी, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |
| ३१. | यती हेल्थ साइन्स एकेडेमी, काठमाण्डौं | ल्याव असिष्टेण्ट | ४० |

**गण्डकी प्रदेश अन्तर्गतका निजी शिक्षण संस्थाहरु :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | कालीगण्डकी प्राविधिक शिक्षालय, कावासोती, नवलपरासी | सि.एम.ए., ल्याव असिष्टेण्ट, अनमी | ४०/४०/४० |
| २. | इनोभेटिभ डेभलपमेण्ट एजुकेशन एकेडेमी, न्युरोड, पोखरा, कास्की | अनमी | ४० |
| ३. | पोखरा प्राविधिक तालीम तथा अनुसन्धान केन्द्र, पोखरा | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| ४. | पश्चिमाञ्चल प्राविधिक शिक्षालय, पोखरा | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| ५. | गण्डकी टेक्निकल इन्स्टिच्युट प्रा.लि., पोखरा | ल्याव असिष्टेण्ट | ४० |
| ६. | लो-कुन्फेन मेडिकल स्कुल, मुस्ताङ्ग | कम्युनिटी आम्ची असिष्टेण्ट | ४० |
| ७. | पायोनियर्स हायर एजुकेशन, वालिङ्ग, स्याङ्गजा | सि.एम.ए. | ४० |
| ८. | गण्डकी टेक्निकल ट्रेनिङ सेन्टर, व्यासनगरपालिका, तनहुं | सि.एम.ए., अनमी | ४०/४० |
| ९. | बन्दीपुर टेक्निकल इन्स्टिच्युट, बन्दीपुर, तनहुं (बन्दीपुर क्याम्पस) | सि.एम.ए. | ४० |
| १०. | गोरखा प्राविधिक प्रशिक्षण केन्द्र प्रा.लि., गोरखा | सि.एम.ए. | ४० |
| ११. | बाग्लुङ्ग प्राविधिक शिक्षालय, बाग्लुङ्ग | अनमी, सि.एम.ए. | ४०/४० |
| १२ | कालिका मेडिकल टेक्निकल इन्स्टिच्युट, गैडाकोट, नवलपरासी | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |

**प्रदेश नं ५ अन्तर्गतका निजी शिक्षण संस्थाहरु :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | तम्घास टेक्निकल शिक्षालय, तम्घास, गुल्मी | सि.एम.ए., अनमी | ४०/४० |
| २. | अर्घाखाची टेक्निकल इन्स्टिच्युट, अर्घाखांची | सि.एम.ए. | ४० |
| ३. | पाल्पा टेक्निकल इन्स्टिच्युट, तानसेन, पाल्पा | सि.एम.ए., ल्याव असिष्टेण्ट, अनमी | ४०/४०/४० |
| ४. | सिद्धार्थ इन्स्टिच्युट अफ मेडिकल टेक्नोलाजी, तानसेन, पाल्पा | सि.एम.ए., अनमी | ४०/४० |
| ५. | सुष्मा कोइराला मेमोरियल, नेपालगञ्ज, बांके | सि.एम.ए., अनमी | ४०/४० |
| ६. | दाउन्ने देवी स्वास्थ्य तालीम केन्द्र, बर्दघाट, नवलपरासी | सि.एम.ए. | ४० |
| ७. | एकीकृत ग्रामीण स्वास्थ्य कार्यक्रम तालीम केन्द्र, बुटवल, रुपन्देही | सि.एम.ए. | ४० |

| | | | |
|---|---|---|---|
| ८. | अक्सबृज इन्टरनेशनल एकेडेमी, बुटवल, रुपन्देही | ल्याव असिष्टेण्ट | ४० |
| ९. | प्रतिमान निमा मेमोरियल हेल्थ इन्स्टिच्युट, भैरहवा, रुपन्देही | ल्याव असिष्टेण्ट | ४० |
| १०. | नोबेल टेक्निकल एण्ड मेडिकल साइन्सेस, कोहलपुर ३, बांके | ल्याव असिष्टेण्ट | ४० |
| ११. | कैलपाल एकेडेमी फर साइन्स, नेपालगञ्ज, बांके | सि.एम.ए. | ४० |
| १२. | नेपालगञ्ज टेक्निकल स्कुल, नेपालगञ्ज, बांके | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| १३. | सिद्धार्थ मेडिकल इन्स्टिच्युट, बुटवल, रुपन्देही | सि.एम.ए., अनमी, ल्याव असिष्टेण्ट | ४०/४०/४० |
| १४. | कलेज अफ एलाइड टेक्निकल साइन्स, नेपालगञ्ज, बांके | ल्याव असिष्टेण्ट | ४० |
| १५. | रम्भा देवी कलेज अफ मेडिकल, बुटवल, रुपन्देही | ल्याव असिष्टेण्ट | ४० |
| १६. | राप्ती हेल्थ इन्स्टिच्युट, दाङ्ग | अनमी | ४० |
| १७. | दाङ्ग टेक्निकल इन्स्टिच्युट, दाङ्ग | ल्याब असिष्टेण्ट, सि.एम.ए. | ४०/४० |
| १८. | लुम्बिनी इन्स्टिच्युट अफ टेक्निकल साइन्स, बुटवल, रुपन्देही | अ.न.मी., ल्याव असिष्टेण्ट, सि.एम.ए. | ४०/४०/४० |
| १९. | दाङ्ग सि.एम.ए. ट्रेनिङ्ग सेन्टर, घोराही, दाङ्ग | सि.एम.ए. | ४० |
| २०. | सिद्धार्थ सि.एम.ए. तालीम केन्द्र, कपिलवस्तु | सि.एम.ए. | ४० |
| २१. | कपिलवस्तु टेक्निकल इन्स्टिच्युट, बाणगंगा, कपिलवस्तु | ल्याब असिष्टेण्ट, सि.एम.ए. अनमी | ४०/४०/४० |
| २२. | सिद्धार्थ इन्स्टिच्युट अफ मेडिकल साइन्सेस, कपिलवस्तु | ल्याव असिष्टेण्ट | ४० |
| २३. | युनाइटेड नेशनल हस्पिटल प्रा.लि., कपिलवस्तु | ल्याव असिष्टेण्ट | ४० |
| २४. | फोर्टीनाइन मल्टी टेक्निकल इन्स्टिच्युट प्रा.लि., प्युठान | सि.एम.ए., ल्याव असिष्टेण्ट | ४०/४० |
| २५. | नेपालगञ्ज हेल्थ क्याम्पस, नेपालगञ्ज, बांके | ल्याव असिष्टेण्ट | ४० |
| २६. | बर्दिया मेडिकल इन्स्टिच्युट, गुलरिया, बर्दिया | आयुर्वेदिक, ल्याव असिष्टेण्ट | ४०/४० |
| २७. | तुलसीपुर प्राविधिक शिक्षालय, दाङ्ग | ल्याव असिष्टेण्ट | ४० |
| २८. | बगरबाबा प्राविधिक शिक्षालय, लमही, दाङ्ग | ल्याव असिष्टेण्ट | ४० |
| २९. | कालिका मल्टि टेक्निकल इन्स्टिच्युट, घोराही ११, दाङ्ग | ल्याव असिष्टेण्ट | ४० |

**कर्णाली प्रदेश अन्तर्गतका निजी शिक्षण संस्थाहरु :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | आरती टेक्निकल इन्स्टिच्युट, खलंगा, सल्यान | सि.एम.ए. | ४० |
| २. | राष्ट्रिय प्राविधिक शिक्षालय, सुर्खेत | ल्याव असिष्टेण्ट, आयुर्वेदिक, | ४०/४० |
| ३. | सुर्खेत प्राविधिक संस्था प्रा.लि., सुर्खेत | सि.एम.ए. | ४० |
| ४. | देउती टेक्निकल टेनिङ्ग इन्स्टिच्यूट, विरेन्द्रनगर, सुर्खेत | ल्याब असिष्टेण्ट, | ४० |
| ५. | दैलेख टेक्निकल स्कुल, नारायण न.पा. १, दैलेख | ल्याब असिष्टेण्ट | ४० |

**सुदुर पश्चिम प्रदेश अन्तर्गतका निजी शिक्षण संस्थाहरु :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यकम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | सामुदायिक सेवा सहयोग संस्थान, धनगढी, कैलाली | सि.एम.ए.आयुर्वेदिक | ४०/४० |
| २. | एकीकृत सामुदायिक विकास केन्द्र, धनगढी, कैलाली | अनमी, ल्याव असिष्टेण्ट | ४०/४० |
| ३. | सामुदायिक स्वास्थ्य इन्स्टिच्युट, टिकापुर, कैलाली | सि.एम.ए. | ४० |
| ४. | ह्वाइट पार्क कलेज, अमरगढी, डडेलधुरा | ल्याव असिष्टेण्ट, आयुर्वेदिक | ४०/४० |
| ५ | सामुदायिक स्वास्थ्य इन्स्टिच्युट, महेन्द्रनगर, कन्चनपुर | सि.एम.ए., अनमी | ४०/४० |
| ६. | अत्तरिया टेक्निकल कलेज, अत्तरिया, कैलाली | ल्याव असिष्टेण्ट | ४० |
| ७. | नवजीवन कलेज अफ नर्सिङ्ग हेल्थ साइन्स, धनगढी, कैलाली | ल्याव असिष्टेण्ट | ४० |
| ८. | एस.के. इन्स्टिच्युट अफ टेक्नोलोजी, कन्चनपुर | ल्याव असिष्टेण्ट | ४० |

**४. बर्गिकृत नि:शुल्क छात्रवृत्ति सम्बन्धी व्यवस्था:**

परिषद्का प्रत्येक निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा प्रवेश परीक्षा संचालनको लागि स्वीकृती पाएका प्रत्येक कार्यक्रममा स्वीकृत कोटाको १० प्रतिशत छात्रबृत्ति (स्वीकृत कार्यक्रम अनुसार बर्गिकृत नि:शुल्क छात्रवृत्ति ३ र जेहेन्दार छात्रबृत्ति १ गरी ४ जना) को व्यवस्था गरिएको हुंदा अनिवार्य रुपमा प्रदान गर्नु पर्नेछ । यो छात्रवृत्ति नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट माथि उल्लेख भए बमोजिम योग्यता पुगेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरुलाई मात्र प्रदान गरिनेछ ।

क) यो छात्रवृत्तिको योग्यताक्रम निर्धारण गर्दा प्रवेश परीक्षाको कुल प्राप्ताङ्क (शैक्षिक योग्यता वापतको ४० अंक र प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क) लाई ३० प्रतिशत र लक्षित वर्ग वापत निम्न बमोजिमका ७० प्रतिशत अंक निर्धारण गरिएको छ । सो बमोजिम परीक्षार्थीको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

**तपसिल :**

| लक्षित वर्ग | प्रतिशत/अंक |
|---|---|
| महिला | १० अंक |
| दलित/आदिवासी-जनजाती/मधेसी/मुसलमान | २० अंक |
| पिछडिएको दुर्गम क्षेत्रका व्यक्ति | १५ अंक |
| जन आन्दोलन/जनयुद्ध/मधेश आन्दोलन/द्वन्द पिडित/विस्थापित/बेपत्ता पारिएका व्यक्ति/अपाङ्ग/सहिद परिवार तथा घाइते वा निजको परिवार | १० अंक |
| पूर्व कमैया/हलिया/विपन्न वर्ग | १५ अंक |
| प्रवेश परीक्षामा प्राप्त अंक र शैक्षिक योग्यता वापतको अंकको योगफललाई ३० प्रतिशतले कायम गर्दा हुन आउने अंक | कायम हुन आउने अंक |
| **जम्मा** | **१००** |

**५. परिषद्बाट सम्बन्धन प्राप्त नीजि क्षेत्रका शिक्षण संस्थाको पूर्ण शुल्किय तथा छात्रवृत्ति तर्फको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ती छनौट एवं नतिजा प्रकाशन सम्बन्धी प्रक्रिया:**

परिषद्बाट संचालन सम्बन्धन स्वीकृती पाएका प्राविधिक एस.एल.सी तहको नीजि क्षेत्रका शिक्षण संस्थाहरुको हकमा छात्रवृत्ति तथा पुर्ण शुल्कीय तर्फको परिषद्, प्रदेश कार्यालयबाट प्रवेश परीक्षा संचालन गरी नतिजा प्रकाशन गर्न निम्न बमोजिमको उप-समिति रहेनछ । उप-समितिले अन्तिम नतिजा प्रकाशनका लागि परिषद्, प्रदेश कार्यालयमा सिफारिश गर्नुपर्नेछ र १ प्रति नतिजा (Hard Copy र Soft Copy) प.नि.का.मा पठाउनु पर्नेछ ।

**क)उप-समिति देहाय बमोजिम हुनेछ ।**

| | |
|---|---|
| अ)परिषद्, प्रदेश कार्यालयका प्रमुख | संयोजक |
| आ)प्रदेशको सामाजिक विकास मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि १ जना | सदस्य |
| इ)परिषद्, प्रदेश कार्यालयको परीक्षा हेर्ने उप-निर्देशक/परीक्षा अधिकृत १ जना | सदस्य |

**ख) वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति तथा पुर्ण शुल्कीय तर्फ आवेदन फाराम बुझाउने स्थान :**

१) परिषद्संग सञ्चालन स्वीकृती प्राप्त निजी क्षेत्रका शिक्षण संस्थाहरुले आफ्नो शिक्षण संस्थामा दर्ता हुन आएका **वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तथा पुर्णशुल्कीय** तर्फका आवेदन फारामहरु सम्बन्धित प्रदेश कार्यालयहरुमा विद्यार्थी विवरण, बैंक भौचर सहित शिक्षण संस्थाको पत्र साथ मिति २०७६।०४।१९ गते भित्र अनिवार्य रुपमा बुझाउनु हुन सूचित गरिन्छ ।

२) वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति तथा पुर्ण शुल्कीय तर्फको प्रवेश परीक्षाको केन्द्र तोक्ने र नतिजा प्रकाशन सम्बन्धी कार्य सम्बन्धित प्रदेश कार्यालयले गर्नेछ ।

३) उल्लेखित प्रदेशमा गठित कार्य टोलीले बुंदा नं. ५ (ख) १ बमोजिम प्राप्त वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति तर्फको आवेदन फाराम बुझिलिई प्रत्येक शैक्षिक कार्यक्रमको वर्गिकृत (नि:शुल्क) छात्रवृत्ति तर्फको निर्धारित कोटामा बुंदा नं. ४ बमोजिम छात्रवृत्तिको परीक्षार्थी प्रादेशिक रुपमा छनौट गरी भर्नाका लागि सिफारिस गर्नुपर्नेछ । मुख्य र बैकल्पिक परीक्षार्थी छनौट गरी ७ दिन भित्र लिखित रुपमा सम्बन्धित शिक्षण संस्थामा भर्नाका लागि सिफारिस गरी सो को लिखित जानकारी प.नि.का.लाई गराउनु पर्नेछ ।

४) सम्बन्धित शिक्षण संस्थाहरुले छात्रवृत्ती तर्फको नतिजा प्रकाशन कार्यटोलीबाट प्राप्त नतिजा तथा पूर्ण शुल्किय तर्फका मुख्य तथा योग्यताक्रम सूचीका परीक्षार्थीको नतिजा सम्बन्धित जिल्ला प्रशासन कार्यालय, पालिका कार्यालयमा तथा सोही दिन शिक्षण संस्थाको सूचनापाटीमा १५ दिनको भर्नाको म्याद दिई सूचना टांस गर्नुपर्नेछ ।

५) तोकिएको म्याद भित्र छात्रवृत्ति तथा पूर्ण शुल्किय तर्फको मुख्य परीक्षार्थी भर्ना हुन नआएमा सो संस्थाको सम्बन्धित कार्यक्रमको योग्यताक्रम सूचीमा रहेका परीक्षार्थीलाई जानकारी हुने गरी सम्बन्धित शिक्षण संस्थाले सम्बन्धित जिल्ला प्रशासन कार्यालय, पालिका कार्यालयमा तथा सोही दिन शिक्षण संस्थाको सूचनापाटीमा ७ दिनको भर्नाको म्याद दिई रिक्त हुन आएको कार्यक्रमको बर्ग, कोटा र संख्या स्पष्ट खुल्ने गरी सूचना टांस गर्नुपर्नेछ ।

उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरु शिक्षण संस्थाको मूल दर्ता किताबमा दर्ता गरी अन्तिम मितिसम्म दर्ता हुन आएका उत्तिर्ण सूचीका परीक्षार्थी मध्येबाट योग्यताक्रम अनुसार रिक्त सिटहरुमा परीक्षार्थी भर्ना गर्नु पर्नेछ । वैकल्पिक परीक्षार्थी भर्ना नभइ सिट रिक्त हुन आएमा योग्यताक्रम सूचीमा परेका परीक्षार्थीहरुलाई उपरोक्तमा उल्लेखित प्रकृया अपनाई भर्ना गर्नुपर्नेछ ।

६) सम्बन्धित शिक्षण संस्थाहरुमा पूर्ण शुल्किय कोटा तर्फ सिट रिक्त रहन आएमा वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको प्रवेश परीक्षाको नतिजामा योग्यताक्रम सूची रहेका परीक्षार्थीहरुलाई भर्ना प्रक्रियामा तोकिए बमोजिम भर्ना गर्न सक्नेछन् ।

७) उल्लेखित प्रकृया अपनाई भर्ना गरिएका छात्रवृत्ति तथा पूर्ण शुल्किय तर्फका परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन गराउदा माथी प्रकृयामा उल्लेखित सम्पूर्ण कागजातहरु (जिल्ला प्रशासन कार्यालय, पालिका कार्यालयमा सूचना टांस गरेको प्रमाणित सक्कल पत्र, परीक्षार्थीको योग्यताक्रमको सूची) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी प्रकृया र कागजात नपुगी आएको परीक्षार्थीको भर्ना स्वत: रद्ध हुनेछ ।

८) भर्नाको समयमा आवेदन साथ पेस गरेको प्रमाणपत्र तथा कागजातको सक्कल रुजू गर्दा कुनै विवरण फरक हुन गएमा वा झुटो विवरण पेश गरेको पाइएमा त्यस्ता परीक्षार्थीलाई सम्बन्धित शिक्षण संस्थाले भर्ना गराउने छैन । भर्ना भएको भए पनि कुनै पनि समयमा भर्ना रद्द गरिने छ र सोको जिम्मेवार सम्बन्धित शिक्षण संस्थाको प्राचार्य हुनेछ ।

९) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कार्वाही गरिनेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ बर्ष सम्म समावेश गराइने छैन ।

१०) शिक्षण संस्थामा प्रशिक्षार्थीहरुको भर्ना संख्या जतिसुकै भएता पनि प्रत्येक कार्यक्रममा छात्रवृत्ति अनिवार्य रुपमा प्रदान गर्नु पर्नेछ । यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन कार्य संचालन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

११)यस बमोजिमको छात्रवृत्तिमा सिफारिस भई भर्ना भएका परीक्षार्थीहरुले आफू अध्ययनरत शिक्षण संस्थामा लाग्ने कुनै पनि किसिमको शुल्क तिर्नु पर्ने छैन । अध्ययन अवधिभर खाने र बस्ने व्यवस्था भने परीक्षार्थी आफैंले गर्नुपर्ने छ । सो विपरित रकम अशुल गरेको पाइएमा परिषद्को ऐन, नियम तथा विनियम बमोजिम उक्त शिक्षण संस्थालाई कारवाही हुनेछ ।

१२)परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने प्रशिक्षार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा खटाएको स्थानमा गई तोकिएको अवधिसम्म सेवा गर्नुपर्नेछ । सोको लागि आवेदकले आवेदन फाराममा उल्लेखित कबुलियतनामा गर्नुपर्नेछ ।

१३)छात्रवृत्ति प्राप्त गर्ने प्रशिक्षार्थीहरुले परीक्षाको मर्यादा विपरित वा प्रचलित कानूनले दण्डनीय काम गरेको ठहर भएमा उक्त प्रशिक्षार्थीको छात्रवृत्तिको सुविधा स्वत: खारेज हुनेछ ।

१४)कुनै पनि परीक्षार्थीले यस वमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद्बाट वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरु मध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ ।

१५)परिषद्को ऐन, नियम, विनियम, निर्देशन र यस सूचनाका सर्तहरु सबै शिक्षण संस्थाले पूर्ण रुपमा पालना गर्नुपर्नेछ । उल्लेख भए बमोजिमका सर्तहरु विपरित भर्ना एवं छात्रवृत्ति वितरण भए गरेको नपाइएमा त्यस्तो शिक्षण संस्थाहरुको तत्काल भर्ना रोक्का गरी आगामी शैक्षिक सत्रको कार्यक्रम संचालन स्वीकृती स्थगन एवं कोटा घटाउने सम्मको कारवाहीका लागि सिफारिस गरिनेछ ।

**६. फाराम साथ पेस गर्नु पर्ने आवश्यक कागजातहरु :**

अ. पूर्ण शुल्क तथा वर्गिकृत छात्रवृत्तिका आवेदकहरुले पेस गर्नुपर्ने

१) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइजको तीन प्रति रंगीन फोटो

२) एस.ई.इ/एस.एल.सी सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

३) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।(अन्य मुलुकबाट एस.ई.इ वा सो सरह उत्तीर्ण परीक्षार्थीको हकमा वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा प्रतिस्पर्धा गर्न पाइने छैन)

आ. वर्गिकृत छात्रवृत्तिमा आवेदन गर्नेहरुले पेस गर्नुपर्ने थप कागजात :

क)नेपाली नागरिक हो भनी प्रमाणित हुने नागरीकता वा नावालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख)सरकारी वा सामूदायिक विद्यालय हो भनी सम्बन्धित जिल्लाको शिक्षा विकास समन्वय इकाई कार्यालय वा सम्बन्धित विद्यालयले प्रमाणित गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

ग)दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/पालिकावाट प्रमाणित गरिएको दलित प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

घ)मधेशी/मुसलमानहरुको हकमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ङ)आदिवासी जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित गरिएको आदिवासी जनजाती प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

च)पिछडिएको दुर्गम क्षेत्रकाको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै न्यूनतम शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको स्थानिय पञ्जीकाधिकारीको कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

छ)वेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको परिवारले विक्रम सम्वत २०६२/६३ को जनआन्दोलन, जनयुद्ध मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सबै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्दपिडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ज)अपाङ्गको हकमा सम्बन्धित निकायले जारी गरेको अपाङ्ग परिचय पत्रको प्रमाणित प्रतिलिपी ।

झ)पूर्व कमैया/हलीयाहरुको हकमा सम्बन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ञ)विपन्न वर्गको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरिदिएको पत्रको प्रमाणित प्रतिलिपी ।

ट)स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को ३ प्रति रंगीन फोटो । (फोटोको पछाडि नामथर र अध्ययन गर्न चाहेको कार्यक्रम)

ठ)एस.ई.ई./एस.एल.सी. वा सो सरहको शैक्षिक प्रमाण पत्रको प्रतिलिपी ।

ड)फारामसाथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु परीक्षार्थी स्वयमले प्रमाणित गरी सूची बनाई पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगर्ने र आवश्यक कागजात पेश नगर्ने परीक्षार्थीहरुको फाराम स्वत: रद्ध हुनेछ ।

**७. शिक्षण संस्थालाई भर्ना सम्बन्धी निर्देशन :**

१) पूर्ण शुल्किय तथा छात्रवृत्तीको प्रवेश परीक्षाको आवेदन फाराम छुट्टा-छुट्टै हुनेछ । सो को नमूना परिषद्को वेभसाइट www.ctevt.org.np दिइएको छ । निजी शिक्षण संस्थाहरुले सोही बमोजिमको आवेदन फाराम डाउनलोड गरी भर्नु भराउनु हुन सूचित गरीन्छ ।

२) प्रशिक्षार्थीहरुले आवेदन फाराम भरेको प्रदेशभित्रको तोकिएको परीक्षा केन्द्रमा प्रवेश परीक्षा दिनु पर्नेछ । अन्यत्रबाट प्रवेश परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्ध हुनेछ ।

३) परिषदका शैक्षिक कार्यक्रम संचालन गर्ने प्रत्येक शिक्षण संस्थाले आफुले परिषदबाट संचालन/स्विकृती प्राप्त गरेका प्रत्येक शैक्षिक कार्यक्रमको कुल सीट संख्या, लाग्ने शुल्क प्रत्येक छात्रवृत्तिको किसिम, सो वापत प्राप्त हुने सुविधा, सीट संख्या, छात्रवृत्ति प्राप्त गर्न अपनाउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने आवश्यक कागजातहरुको सूचि कम्तिमा ८'X४' साइजको साईन बोर्डमा उल्लेख गरी सम्बन्धित सबैलाई जानकारी हुनेगरी शिक्षण संस्थाको हाता भित्र राख्नु पर्नेछ ।

४) फारामसाथ पेस गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु परीक्षार्थी स्वयमले प्रमाणित गरी सूची बनाई पेस गर्नुपर्नेछ । उक्त फाराम र फाराम साथ संलग्न कागजातहरु ठिक भए नभएको रुजु गरी स्वीकृत एवं प्रमाणित गर्ने र फाराम साथ संलग्न कागजातहरुको सूची प्रमाणित गरी परीक्षार्थीलाई उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको प्राचार्यको हुनेछ । पेस हुन आएको विवरण फरक पर्न गएमा सोको जिम्मेवार सम्बन्धित शिक्षण संस्थाका प्राचार्य हुनु पर्नेछ ।

५) पूर्ण शुल्किय कोटामा भर्नाका लागि सिफारिस गरिएका मुख्य परीक्षार्थीहरुलाई सिफारिश गरिएको मितिले १५ दिन भित्र भर्ना गराई सक्नुपर्नेछ । तोकिएको म्याद भित्र मुख्य परीक्षार्थी भर्ना हुन नआएमा सो संस्थाको सम्बन्धित कार्यक्रमको वैकल्पिक सूचिमा रहेका परीक्षार्थीलाई रिक्त हुन आउने कार्यक्रमको बर्ग, कोटा र संख्या जानकारी हुने गरी सम्बन्धित शिक्षण संस्थाले कम्तिमा ७ दिनको म्याद दिई सबै परीक्षार्थीहरुलाई जानकारी हुने गरी सूचना प्रकाशित गर्नु पर्नेछ । सोहि व्यहोराको सूचना सम्बन्धित शिक्षण संस्थाको मूल सूचना पाटी र सम्बन्धित जिल्ला प्रशासन कार्यालय र शिक्षण संस्था रहेको पालिका कार्यालयको सूचना पाटीमा समेत अनिवार्य रुपमा टांस गर्नु पर्नेछ । उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरु शिक्षण संस्थाको मूल दर्ता किताबमा दर्ता गरी अन्तिम मितिसम्म दर्ता हुन आएका वैकल्पिक उम्मेदवार मध्येबाट योग्यताक्रम अनुसार रिक्त सिटहरुमा परीक्षार्थी भर्ना गर्नु पर्नेछ ।

६) उल्लेखित प्रकृया अपनाउदा पनि परीक्षार्थी भर्ना नभई कोटा रिक्त हुन आएमा सम्बन्धित प्रदेश कार्यालयलाई रिक्त हुन आएको कार्यक्रम, बर्ग र संख्या स्पष्ट उल्लेख गरी सो को लिखित जानकारी दिई परीक्षा नियन्त्रण कार्यालयलाई बोधार्थ दिनु पर्नेछ

७) रिक्त रहन आउने सिटमा सोही शैक्षिक सत्रका लागि लिइएको प्रवेश परीक्षामा उत्तिर्ण गरेका शैक्षिक कार्यक्रमका लागि जुनसुकै कार्यक्रममा शैक्षिक योग्यता पुगी प्रवेश परीक्षा उत्तिर्ण भई योग्यताक्रम सूचीमा परेका परीक्षार्थीहरुले सो विवरण सहित अन्य शिक्षण संस्थाको सिट रिक्त रहेको शैक्षिक कार्यक्रममा भर्नाका लागि निवेदन दर्ता गराउन पाउनेछन् । यसरी रिक्त रहेको सिटमा भर्ना लिनका लागि सिट रिक्त रहेको शिक्षण संस्थाले भर्ना प्रकृया अनुसार सार्वजनिक सूचना जारी गरेर मात्र भर्ना गर्नु पर्नेछ ।

८) उपरोक्त अनुसार पर्न आएका निवेदनहरु मध्येबाट प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको योग्यताक्रम अनुसार रिक्त सिटहरुमा परीक्षार्थी भर्ना गर्नु पर्नेछ ।

९) उल्लेखित प्रकृया अपनाई भर्ना गरिएका परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन गराउंदा माथी प्रकृयामा उल्लेखित सम्पूर्ण कागजातहरु सार्वजनिक गरिएको सूचनाको सक्कल प्रति, निवेदन दर्ता भएको मुल दर्ता किताबको प्रतिलिपी, प्रवेश परीक्षा उत्तिर्ण गरेको सूचीको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ) यसरी प्रकृया र कागजात नपुगी आएको परीक्षार्थीको भर्ना स्वतः रद्ध हुनेछ ।

१०) प्रवेश परीक्षा संचालन उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन सम्वन्धी सम्पूर्ण कागजातहरु नजिता प्रकाशन भएको मितिले कम्तीमा १ बर्षसम्म सुरक्षित साथ सम्बन्धित प्रदेश कार्यालयले सिलबन्दी गरी राख्नुपर्नेछ ।

११) प्रवेश परीक्षामा सहभागी हुने निजी शिक्षण संस्थाहरुले प्रति परीक्षार्थी परीक्षा दस्तुर रु. ५००।-(रु. पांच सय) का दरले र सूचना प्रकाशन शुल्क बापत प्रत्येक शिक्षण संस्थाले प्रति कार्यक्रम रु ५,०००।- (अक्षरेपी रु. पांच हजार) का दरले र एकै शिक्षण संस्थामा एक भन्दा बढी कार्यक्रम संचालन भएको खण्डमा प्रति कार्यक्रम थप रु.३,०००।- (अक्षरेपी रु. तीन हजार) का दरले थप रकम एकमुष्ट जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ तपसिल बमोजिमको सम्बन्धित परिषद्, प्रदेश कार्यालयहरुको खातामा जम्मा गर्नु पर्नेछ ।

प्रदेश नं १ को कार्यालय ईटहरी, सुनसरीको रा. बा. बैङ्क, इटहरी शाखाको च. हि. नं. २५५०००१२७८०१ मा,

प्रदेश नं २ को कार्यालय जनकपुर, धनुषाको रा. बा. बैङ्क, जनकपुर शाखाको च. हि. नं. १२२०००६७०३०१ मा,

प्रदेश नं ३ को कार्यालय मकवानपुर, हेटौंडाको रा. बा. बैङ्क, हेटौंडा शाखाको च. हि. नं. १३००००३६६९०१ मा,

गण्डकी प्रदेशको कार्यालय पोखरा, कास्कीको रा. बा. बैङ्क, पार्दी, पोखरा शाखाको च. हि. नं. ३५००००००२३४०१ मा,

प्रदेश नं ५ को कार्यालय बुटवल, रुपन्देहीको रा. बा. बैङ्क, बुटवल शाखाको च. हि. नं. ३३६००००३६१०१ मा

कर्णाली प्रदेशको कार्यालय बिरेन्द्रनगर, सुर्खेतको रा. बा. बैङ्क, सुर्खेत शाखाको च. हि. नं. ४०८००१५५२८०१ मा

सुदुर पश्चिम प्रदेशको कार्यालय धनगढी, कैलालीको रा. बा. बैङ्क, धनगढी शाखाको च. हि. नं. ४१७०००६५०८०१ मा शुल्क

शिक्षण संस्थाहरुले सम्बन्धित परिषद्, प्रदेश कार्यालयको नाममा माथि उल्लेखित रा.बा.बैक शाखा कार्यालयमा खोलिएको खातामा जम्मा भएको सक्कल भौचरको पछाडी बुझाउने शिक्षण संस्थाको नाम, ठेगाना र रकम जम्मा गर्नुको प्रयोजन उल्लेख गरी मिति २०७६।०४।१९ गते भित्रमा सम्बन्धित परिषद, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

**८. प्रवेश परीक्षा सम्बन्धी कार्यक्रमः**

**<u>बर्गिकृत (निःशुल्क छात्रबृत्ति) तर्फ :</u>**

| | |
|---|---|
| क. आवेदन फारम वितरण गर्ने मिति | : २०७६ श्रावण ०९ गते । |
| ख. आवेदन फाराम पाउने र बुझाउने स्थान | : सम्बन्धित शिक्षण संस्थाहरुमा (शिक्षण संस्थाहरुले वर्गिकृत (निःशुल्क) छात्रवृत्ति प्रवेश परीक्षाको आवेदन परिषद्को वेभसाइट www.ctevt.org.np डाउनलोड गरी छुट्टै भराउनु पर्नेछ । |
| ग. प्रवेश परीक्षा शुल्क | : रु.५००।- |
| घ. आवेदन फाराम बुझाउने अन्तिम मिति | : २०७६ श्रावण १५ गते सम्म |
| **ङ. लिखित प्रवेश परीक्षा हुने मिति र समय** | **: <u>२०७६ श्रावण २५, गते बिहान ८.०० वजे</u>** |
| च. प्रवेश परीक्षा अवधी | : १ घण्टा ३० मिनेट हुनेछ । |
| छ. परीक्षा केन्द्रहरु | निजी शिक्षण संस्थाको छात्रवृत्ति प्रवेश परीक्षाको हकमा सम्बन्धित परिषद्, प्रदेश कार्यालयले पछि सूचनामा तोके बमोजिम हुनेछ । |

**<u>पुर्ण शुल्कीय तर्फ :</u>**

| | |
|---|---|
| क. आवेदन फारम वितरण गर्ने मिति | : २०७६ श्रावण ०९ गते । |
| ख. आवेदन फाराम पाउने र बुझाउने स्थान | : सम्बन्धित शिक्षण संस्थाहरुमा (शिक्षण संस्थाहरुले पुर्ण शुल्कीय तर्फको प्रवेश परीक्षाको आवेदन परिषद्को वेभसाइट www.ctevt.org.np डाउनलोड गरी भराउनु पर्नेछ । |
| ग. प्रवेश परीक्षा शुल्क | : रु.५००।- |
| घ. आवेदन फाराम बुझाउने अन्तिम मिति | : २०७६ श्रावण १५ गते सम्म |
| **ङ. लिखित प्रवेश परीक्षा हुने मिति र समय** | **: <u>२०७६ श्रावण २५, गते दिउंसो २.०० वजे</u>** |
| च. प्रवेश परीक्षा अवधी | : १ घण्टा ३० मिनेट हुनेछ । |
| छ. परीक्षा केन्द्रहरु | निजी शिक्षण संस्थाको पुर्ण शुल्कीय प्रवेश परीक्षाको हकमा सम्बन्धित प्रदेश कार्यालयले तोके बमोजिम |

१०. कुनै पनि शिक्षण संस्थाले तोकिएको प्रवेश परीक्षा शुल्क भन्दा बढी शुल्क लिन पाउने छैन यदि लिएको प्रमाणित भएमा प्रति परीक्षार्थी रु.१०,०००।- (दस हजार मात्र) का दरले सम्बन्धित परीक्षार्थीलाई हर्जाना तिर्नुपर्नेछ। हर्जना बापतको रकम नतिरेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. प्रवेश परीक्षाका परीक्षार्थीहरुको संख्या एकीन गरेर मात्र तोकिए अनुसारको रकम बैंक दाखिला गर्नुहुन शिक्षण संस्थाहरुलाई जानकारी गराइन्छ । यदि बढी रकम दाखिला भएको खण्डमा फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

१२. बिद्यार्थीहरुसंग आर्थिक कारोवार गर्दा शिक्षण संस्थाहरुले अनिवार्य रुपमा बैंक मार्फत गर्नुपर्नेछ ।

१३. यस सूचनामा उल्लेख नभएकाको हकमा परिषद्को ऐन, नियम, बिनियम तथा निर्देशिका बमोजिम हुनेछ ।

नोट : प्रवेश परीक्षामा सफल गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पुर्ण सचेत रही प्रवेश परीक्षा मर्यादित एवं निष्पक्ष रुपमा संचालन गर्न गराउन सम्वन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्का प्रदेश कार्यालयहरु इटहरी-सुनसरी, जनकपुर-धनुषा, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, बुटवल-रुपन्देही, वीरेन्द्रनगर-सुर्खेत, धनगढी-कैलाली र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**यो सूचना CTEVT को वेबसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ**

**- प्राविधिक एस.एल.सी. तहका सम्पुर्ण कार्यक्रमहरु १८ (OJT सहित) महिना अध्ययन हुनेछ ।**

**परीक्षा नियन्त्रक**